घरपझोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः२०७६/७७
चलानी नं. १०८५

मितिः२०७७/०१/०९

विषयः बैठकमा उपस्थिति हुने सम्बन्धमा।

**श्री प्रमुख जिल्ला अधिकारीज्यूः** जिल्ला प्रशासन कार्यालय, मुस्ताङ । (सदस्य)
**श्री गणपतिज्यूः** बज्रदल गण, मुस्ताङ । (सदस्य)
**श्री प्रहरी नायब उपरीक्षकज्यूः** जिल्ला प्रहरी कार्यालय, मुस्ताङ । (सदस्य)
**श्री सशस्त्र प्रहरी नायव उपरीक्षकज्यूः** सशस्त्र प्रहरी बल ३३ नं. गुल्म, मुस्ताङ । (सदस्य)
**श्री प्रमुख अनुसन्धान अधिकृतज्यूः** राष्ट्रिय अनुसन्धान कार्यालय, मुस्ताङ । (सदस्य)
**श्री प्रमुखज्यूः** स्वास्थ्य कार्यालय, मुस्ताङ । (सदस्य सचिव)

सादर आमन्त्रित
**माननीय महेन्द्रबहादुर थकालीज्यूः** गण्डकी प्रदेश सभा सदस्य ।
**श्री छिरिङ ल्हामो गुरूङज्यूः** प्रमुख, जिल्ला समन्वय समिति, मुस्ताङ ।
**श्री उपाध्यक्षज्यूः** घरपझोङ गाउँपालिका, मुस्ताङ ।

नेपाल सरकारबाट जारी भएको कोरोना भाइरस (COVID-19) सम्बन्धी क्वारेण्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ को दफा १२ को उपदफा (१), खण्ड (ख) मा स्थानीय स्तरमा सञ्चालन हुने क्वारेण्टाइनहरूको अनुगमन तथा सुपरीवेक्षण गर्नको लागि सम्बन्धित स्थानीय तहको प्रमुखको संयोजकत्वमा एक अनुगमन तथा सुपरीवेक्षण समिति रहने व्यवस्था भए बमोजिम यस गाउँपालिकामा स्थापना भएका क्वारेण्टाइनहरूको सम्बन्धमा केही आवश्यक छलफल गर्नुपर्ने भएकाले देहायको मिति, समय र स्थानमा सो समितिका उल्लिखित सदस्य तथा आमन्त्रित सदस्यहरूलाई उपस्थितिको लागि अनुरोध छ ।

(आसबहादुर थकाली)
**संयोजक**
स्थानीय क्वारेण्टाइन अनुगमन तथा सुपरीवेक्षण समिति

देहाय
बैठक हुने मिति, समय र स्थान
मितिः २०७७।०१।१० गते
समयः दिउसो ठीक ३ बजे
स्थानः घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय, जोमसोम ।

कार्यालय ठेगानाः घरपझोङ गाउँपालिका वडा नं. ४, जोमसोम, मुस्ताङ/ फोन नं. ०६९-४४००१६
Email: gharapjhongrmunicpality@gmail.com
website: https://gharapjhongmun.gov.np

(२) क्वारेन्टाइनमा वस्ने व्यक्तिहरुलाइ प्रति दिन प्रति व्यक्ति क्वारेन्टाइन रहेको जिल्लामा कार्यरत नेपाल प्रहरीका लागि निर्धारित राशन दररेट वमोजिमको खाना खाजा खर्च उपलव्ध गराइनेछ ।

(३) क्वारेन्टाइनमा रहेका व्यक्तिहरुलाइ उपलव्ध गराइने खाजा खाना सुरक्षा निकायवाट व्यवस्थापन गरिनेछ ।

१२. **विभिन्न समितिहरु:** (१) क्वारेन्टाइन संचालन तथा व्यवस्थापनका लागि सल्लाहकार समूह, संचालन, व्यवस्थापन तथा अनुगमनका निमित्त निम्नानुसारका समितिहरु रहनेछन् र समिति संचालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

क सल्लाहकार समूह

१. संघीय संसदका सदस्यहरु,

२. प्रदेश सभाका सदस्यहरु, र

३. जिल्ला समन्वय समितिका प्रमुख ।

ख अनुगमन तथा सुपरीवेक्षण समिति

| | | |
|---|---|---|
| १. | सम्बन्धित पालिका प्रमुख | संयोजक |
| २. | प्रमुख जिल्ला अधिकारी | सदस्य |
| ३. | सुरक्षा निकायका प्रमुखहरु | सदस्य |
| ४. | प्रमुख स्वास्थ्य कार्यालय | सदस्य सचिव |

ग क्वारेन्टाइन संचालन तथा व्यवस्थापन समिति

| | | |
|---|---|---|
| १ | सहायक प्रमुख जिल्ला अधिकारी | संयोजक |
| २ | सुरक्षा निकायका अधिकृत प्रतिनिधिहरु | सदस्य |
| ३ | जिल्ला अस्पतालको मे. सु. | सदस्य |
| ४ | नेपाल रेडक्रसको प्रतिनिधी | सदस्य |
| ५ | सम्बन्धित वडाध्यक्ष | सदस्य |
| ६ | सम्वन्धित डिभिजन शहरी विकास कार्यालयको अधिकृत प्रतिनिधि (नभएमा सम्बन्धित स्थानीय तहको प्राविधिक प्रतिनिधि) | सदस्य |
| ७ | स्वास्थ्य कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य सचिव |

घ कार्यसंचालन समूह

क्वारेन्टाइनस्थलको दैनिक कार्य संचालनको निमित्त निम्नानुसारका जिल्लास्थित निकायहरु परिचालित हुनेछन्:

१. स्थानीय तह

२. जिल्ला प्रशासन कार्यालय

३. नेपाली सेना

४. नेपाल प्रहरी

५. सशस्त्र प्रहरी बल, नेपाल

६. राष्ट्रिय अनुसन्धान विभाग

७. स्वास्थ्य कार्यालय